# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०९ संख्याः ०६ मितिः २०८२।११।२५

## भाग-२

**सम्बत् २०८२ सालको कार्यविधि नं. ४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको **"कृषि उपज संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि , २०८२"** सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# कृषि उपज संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि , २०८२

मुलुकमा खाद्यान्न, तरकारी, फलफूल, नगदेबाली तथा पशुपंक्षी लगायत विभिन्न कृषि उपजहरुको माग तथा उत्पादनमा उल्लेखनीय वृद्धि हुंदै आएको छ । कृषकहरुलाई स्थानीय उत्पादन वृद्धिमा अझ बढी हौसला प्रदान गर्नका लागि उत्पादित कृषि उपजहरुको सरल तरिकाले बिक्रि वितरणको व्यवस्था मिलाउन बजार प्रणालीको विकास गर्न अत्यन्त जरुरी रहेको हुन्छ । कृषकहरुबाट उत्पादित कृषि उपजहरुबाट कृषक, व्यापारी, उपभोक्ता समेतलाई लाभान्वित गर्न सुरक्षित, सफा र स्वच्छ बजार निर्माण, व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न वाञ्छनीय देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी यो माछापुच्छ्रे गाउँपालिकाको कृषि उपज संकलन केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि , २०८२ जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारंभिक

1. **संक्षिप्त नाम र प्रारम्भ (1)** यो कार्यविधिको नाम "कृषि उपज संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ रहेको छ ।
   (२) यो कार्यविधि माछापुच्छ्रे गाउँपालिकाको कार्यपालिकाको बैठक वा गाउँसभाले स्विकृत गरेको मितिवाट प्रारम्भ हुनेछ।
2. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
   क) "कृषि उपज संकलन केन्द्र" वा "संकलन केन्द्र" भन्नाले उत्पादन क्षेत्रबाट कृषि उपज खरिद गरि वा संकलन मात्र गरि उपभोक्तालाई सोझै वा अन्य व्यापारी वा व्यवसायिक प्रतिष्ठानहरुलाई बेच बिखन गर्ने उद्देश्यले सञ्चालित स्थल सम्झनु पर्छ ।
   ख) "कार्यविधि" भन्नाले "कृषि उपज संकलन स्थापना एवं सञ्चालन कार्यविधि, २०८२" सम्झनुपर्छ।
   ग) "कृषि उपज संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति" वा "व्यवस्थापन समिति" वा "समिति" भन्नाले यस कार्यविधि अनुसार गाउँपालिका स्तरमा स्थापना भएका कृषि उपज संकलन केन्द्रको व्यवस्थापनका लागि दफा ४(१) अनुसार गठन भएको समिति सम्झनु पर्दछ । यसरी गठन भएको समिति गाउँपालिकामा दर्ता हुनुपर्नेछ । यदि सहकारी मार्फत् स्थापना/ सञ्चालन भएका संकलन केन्द्रहरु छन् भने उक्त सहकारीको संचालक समिति वा त्यस मातहत गठन भएको समिति सम्झनु पर्दछ ।
   घ) "कृषि उपज" भन्नाले कृषि तथा पशुपालन क्षेत्रबाट उत्पादित फलफूल, तरकारी, खाद्यान्न तेलहन, दलहन, मसलाबाली, नगदे बाली, पुष्प, च्याउ, मह, माछा मासु, अण्डा आदि जस्ता ताजा

तथा नाशवान वस्तु, जीवित पशुपंक्षीहरु र पशुपंक्षीजन्य उत्पादन लगायत समितिले तोकेको अन्य खाद्य वस्तुहरु र कृषि तथा पशुपंक्षी उत्पादन सामाग्री समेत सम्झनु पर्दछ।

ङ) “कृषक” भन्नाले यस बजारमा सहभागी हुने कृषकहरु सम्झनु पर्छ भने “कृषक समूह” भन्नाले ति कृषकहरुको समूह र “सहकारी” भन्नाले सम्बन्धित गाउँपालिकामा दर्ता भएको ति कृषकहरुको सहकारी सम्झनु पर्छ ।

च) “कोष” भन्नाले समितिलाई प्राप्त नगद तथा जिन्सी सामाग्री समेतलाई सम्झनु पर्दछ ।

छ) “कृषि शाखा” भन्नाले स्थानीय सरकार अन्तर्गतको कृषि विकास शाखा वा इकाइ सम्झनु पर्दछ ।

ज) “अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

झ) “सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्षलाई समेत जनाउने छ।

ञ) “सेवा शुल्क” भन्नाले बजारमा उपलब्ध गराईएको सेवा वा सुविधा बापत समितिलाई प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क, स्थान तथा निर्मित संरचना उपलब्ध गराए बापतको भाडा वा अन्य सेवा शुल्क सम्झनु पर्दछ ।

ट) “सम्झौता” भन्नाले कृषि उपज संकलन तथा बजार सञ्चालनका लागि सहकारी वा बजार समिति र अन्य निकायहरु बिच गरिने सम्झौता सम्झनु पर्दछ ।

ठ) “थोक” भन्नाले पुनः बिक्री वितरण हुने गरी पाँच किलो वा सो भन्दा बढि परिमाणलाई सम्झनु पर्दछ ।

ड) “खुद्रा” भन्नाले उपभोक्ताहरुको लागि फुटकर रुपमा खरीद बिक्री गर्ने परिमाणलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## समितिको गठन, काम कर्तव्य र अधिकार

**3.** कृषि उपज संकलन केन्द्र संचालन तथा व्यवस्थापन समितिको गठन :

3.१ कृषि उपज संकलन केन्द्र संचालन तथा व्यवस्थापन समिति ९ सदस्यको हुनेछ ।

| | | |
|---|---|---|
| गाउपालिका अध्यक्ष | १ जना | अध्यक्ष |
| गाउपालिका उपाध्यक्ष | १ जना | सदस्य |
| आर्थिक विकास समिति अध्यक्ष | १ जना | सदस्य |
| व्यावसायिक कृषिमा संलग्न सक्रिय कृषक मध्ये एकजना महिला सहित २ जना | २ जना | सदस्य |
| कृषि उपज व्यापारीहरु | १ जना | सदस्य |
| कृषि सहकारी मध्य एकजना | १ जना | सदस्य |
| कृषि उपज संकलन केन्द्र सञ्चालन हुने पालिका वा वडाको प्रतिनिधि | १ जना | सदस्य |
| कृषि विकास शाखाको प्रमुख | १ जना | सदस्य सचिव |

३.२ कृषि समूह, सहकारी वा कृषकलाइ योग्यता अनुसार छनौट गरी कृषि संकलन केन्द्रको संचालनमा पहिलो प्राथमिकता दिइनेछ । कृषि समूह, सहकारी वा कृषकको आवेदन नपरेको खण्डमा वैकल्पिकको लागी निजि क्षेत्रलाइ टेन्डर प्रकृयाको आधारमा छनौट गरिने छ ।

३.४ उपदफा ३.१ को समितिको कृषक प्रतिनिधि र व्यवसाय प्रतिनिधिको चयन सर्वसम्मति वा लोकतान्त्रिक प्रणालीबाट गरिनेछ ।

३.५ सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ र निजहरु पुनः निर्वाचित हुन सक्ने छन् ।

३.६ समितिले आवश्यक देखेमा सरकारी कर्मचारी,कुनै स्वदेशी वा विदेशी संघ संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

३.७ एक पटक समिति गठन भएपछि समितिका सदस्यहरु फेरबदल गर्नुपर्ने भएमा दुई तिहाई सदस्य को स्वीकृतिमा लिई व्यवस्थापन समितिमा फेरबदल गर्न सकिनेछ ।

३.८ समितिको सदस्य हुनको लागि कम्तिमा २१ वर्ष उमेर पुगेको, कृषि क्षेत्रमा राम्रो ज्ञान भएको, कृषि व्यवसायमा संलग्न भएको, मगज नबिग्रेको, समाजिक आचरण राम्रो भएको वा कुनै आरोप प्रमाणित नभएको वा सजाय नभोगेका, कुनै पनि किसिमका आर्थिक भ्रष्टाचारको प्रमाणित नभएका, कुनै अदालतबाट कैद सजाय भएको रहेछ भने सो भुक्तान भएको पाँच वर्ष पुरा भएको नेपाली नागरिक हुनुपर्ने छ।

४. समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

४.१ संकलन केन्द्रको विकास, विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्ययोजना बनाई लागू गर्ने ।

४.२ गाउँपालिका, वडा कार्यालय, कृषि शाखा, कृषि ज्ञान केन्द्र, पशु सेवा विज्ञ केन्द्र, लगायत संघ तथा प्रदेश तहका सम्बन्धित मन्त्रालय, सहयोगी संस्था, दातृ निकायहरु संगको सहयोग, समन्वय एवं सहकार्यमा बजार संचालन एवं स्तरोन्नतीका योजनाहरु तर्जुमा गरि संचालन गर्ने।

४.३ कृषि बजारको सम्बन्धमा आवश्यक सूचनाहरू सर्वसाधारणको लागि सम्प्रेषण गर्ने ।

४.४ विभिन्न कृषि बजारहरुबाट कृषि उपजको बजार मूल्य जानकारी लिदै सम्बन्धित बजारमा उक्त दिनको बजारभाउ निर्धारण गर्न केन्द्रलाई निर्देशन दिने ।

४.५ बजारको विकास, विस्तार एवं बजारबाट प्राप्त हुन सक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने ।

४.६ कृषक, समुह, सहकारी, व्यापारी, उपभोक्ता लगायत अन्य सम्बन्धित निकायलाई विभिन्न बजार सेवा, सुविधा उपलव्ध गराउने ।

४.७ संकलन केन्द्रको भौतिक सुविधाको संरक्षण, मर्मत संभार तथा सवंर्द्धन गर्ने ।

४.८ समितिले वार्षिक कार्ययोजना तयार गरि सहकारी मार्फत स्वीकृत गराई सोही बजेटको परिधि भित्र रहेर खर्च गर्ने ।

४.९ संकलन केन्द्रको दिर्घकालीन विकास र विस्तार सम्बन्धी गुरु योजना तयार गरि कार्यान्वयन गर्ने।

४.१० गुणस्तरहीन अखाद्य वा मिसावटयुक्त तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने उपज वस्तु खरिद–बिक्री गर्न नपाइने व्यवस्था मिलाउने ।

४.११ कृषि उपज उत्पादनका क्रममा प्रयोग हुने वा भएका विषादी वा अन्य रसायनहरुको अवशेष बजारमा ल्याईएका उपजहरुमा छ छैन भनि परिक्षण गर्न बेलाबखतमा आवश्यकता अनुसार सम्बन्धित निकायहरुमा समन्वय गर्ने र सो को नतिजानुसार आवश्यक कार्य गर्ने ।

४.१२ संकलन केन्द्रमा कुनै पनि प्रकारका प्रकोपजन्य रोग तथा किरा लागेका र तिनको जिवित अवशेषले अन्य क्षेत्रमा थप प्रकोप हुनसक्ने कृषि उपजहरुलाई बिक्रि बितरण गर्न नपाइने व्यवस्था मिलाउने र संकलन केन्द्रमा आइसकेका त्यस्ता वस्तुहरुको सुरक्षित विसर्जन गर्ने ।

४.१३ संकलन केन्द्रमा कारोवार गर्न चाहने कृषक, समूह, सहकारी, व्यापारी वा व्यवसायीले देहायका आचरण पालन गरे नगरेको अनुगमन गरि सोको सुनिश्चितता गर्नुपर्नेछ ।

- समितिको कार्यालयमा समन्वय गरि स्पष्ट परिचय सहित दर्ता गर्नु पर्नेछ;
- समितिलाई आफूले प्रयोग गरेको सुविधा बापत बुझाउनु पर्ने शुल्क समितिले तोके बमोजिम नगद वा बैकं दाखिला गर्नु पर्नेछ ;
- समितिले बर्जित गरेका वस्तुहरु कारोवार गर्न पाइने छैन;
- बजार स्थलमा सुर्तिजन्य पदार्थ, मादक पदार्थ आदि सेवन गर्न पाइने छैन;
- बजारमा कारोवार गर्ने कृषक, समूह, सहकारी, व्यापारीहरुले समितिले व्यवस्था गरेको परिचय पत्र धारण गर्नुपर्ने हुन्छ;
- समितिले माग गरेको जानकारी सही तरिकाले उपलब्ध गराउनु पर्नेछ;
- बजार कारोबारको विवरण प्रत्येक दिन सम्बन्धित व्यवसायीले समितिको कार्यलयमा वा प्रतिनिधिलाई उपलब्ध गराउनु पर्नेछ;
- समितिले लागु गरेका अन्य नीति नियमलाई पालना गर्नु पर्नेछ ।

५. समितिको बैठक र निर्णयः

५.१ समितिको बैठक अध्यक्षले तोकेको मिति र समयमा कृषि उपज संकलन केन्द्र तथा सबैलाई पायक पर्ने स्थलमा बस्ने छ । समितिको बैठक छ महिनामा कम्तिमा १ पटक अनिवार्य रुपमा बस्नु पर्नेछ ।

५.२ समितिको कुल सदस्य संख्याको बहुमत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

५.४ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

५.५ समितिको बैठकका निर्णयहरु अध्यक्ष र सचिवद्वारा प्रमाणित गरिनेछ ।

५.६ समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. उप-समितिको गठन गर्न सक्ने : समितिले आफ्नो कार्य संचालनमा सघाउ पुर्याउनका लागि उप-समिति गठन गर्न सक्नेछ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७. समितिको कोषः समितिको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।

७.१ समितिको कोषमा देहायका रकमहरु रहने छन् र समितिको सबैखर्च सो कोषवाट व्यहोरिने छ।

(क) सेवा शुल्क बापत प्राप्त रकम,

(ख) विभिन्न व्यक्ति वा संघसंस्थावाट प्राप्त रकम,

(ग) अन्य स्रोतवाट प्राप्त रकम

७.२ समितिलाई प्राप्त हुने सबै रकम प्राप्त हुनासाथ नेपालभर कुनै पनि बैकमा खाता खोली रकम जम्मा गर्नु पर्नेछ ।

७.३ विदेशी सरकार वा अन्तरराष्ट्रिय संघसंस्था वा अन्य संघसंस्थावाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा पूर्व स्वीकृति लिनुपर्ने भएमा तिनवटै तहका सरकारको निति, ऐन र कानुन अनुसार पूर्व स्वीकृति लिनु पर्नेछ ।

७.४ समितिलाई नेपाल सरकार, विदेशी सरकार वा अन्तरराष्ट्रिय संघसंस्थावाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको हो, सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गर्नु पर्नेछ । समितिको कोषको संचालन समितिले तोके बमोजिम हुनेछ ।

८. कोषमा रहेको रकम खर्चगर्ने व्यवस्था :

८.१ कोषमा जम्मा भएको सेवा शुल्कवाट प्राप्त रकम मध्येबाट अधिकांश रकम कृषि उपज संकलन केन्द्र नियमित रुपमा संचालन गर्न ( कर्मचारी तलब, भत्ता, बैठक भत्ता, बिजुली, पानी, टेलिफोन, चियापान तथा अन्य भैपरी खर्च आदि) तथा बजार स्थल निर्माण, सुधार, मर्मत, सम्भार कार्यको लागि समितिले खर्च गर्न सक्नेछ ।

८.२ संकलन केन्द्रमा प्राप्त हुने आयबाट निम्न अनुसार बचत र खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ । संकलन केन्द्रले कूल आयको ९० प्रतिशत रकम दैनिक कृषि उपज संकलन केन्द्र संचालन तथा

मर्मत संभार कार्यमा  लाग्ने रकम व्यहोर्ने र १० प्रतिशत रकम स्थायी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्दा संघीय सरकारबाट समेत अनुदान प्राप्त गर्ने र लक्षित निर्माण कार्य सम्पन्न गर्ने प्रयोजनको लागि बचाई राख्ने ।

## परिच्छेद ३

## कृषि उपज संकलन केन्द्र संचालन प्रक्रिया

९. कृषि उपज संकलन केन्द्र संचालन गर्न सक्नेः यस कार्यविधी बमोजिम तोकिएको शर्त तथा मापदण्ड पुरा गरी कुनैपनि निजी क्षेत्र वा सामुदायिक संस्था वा सहकारी संस्था वा कृषक समूह वा कृषकले गाउँपालिका क्षेत्रभित्र कृषि उपज संकलन केन्द्र संचालन गर्न सक्नेछ।

१०. इजाजत पत्र दर्ता तथा नविकरणः

१०.१ कृषि उपज संकलन केन्द्र संचालन गर्न ईच्छुक संस्थाले गाउँपालिका क्षेत्रभित्र कृषि उपज संकलन केन्द्र संचालन गर्नको लागि कार्यालयबाट अनिवार्य रुपमा स्वीकृति लिई दर्ता गरेर मात्र संचालन गर्नुपर्नेछ ।

१०.२ स्वीकृतिको लागि संचालकले अनुसूची ६ बमोजिमका कागजात सहित गाउँपालिकाको सम्बन्धित वडा मार्फत कृषि पशुपंक्षी विकास शाखामा निवेदन र संचालन प्रस्ताव पेश गर्नुपर्नेछ ।

१०.३ प्रस्तावकले परिच्छेद ४ बमोजिम मापदण्ड तथा शर्तहरु पुरा गरेको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले कृषि उपज संकलन केन्द्र संचालन स्वीकृति दिन सक्नेछ ।

१०.४ प्रत्येक दुई वर्ष कृषि उपज संकलन केन्द्र संचालन समितिले इजाजत पत्र नविकरण गर्नुपर्नेछ। नविकरण गर्दा समितिले अनुसूची ७ बमोजिमको ढाँचामा आवश्यक कागजातहरु सहितको निवेदन शाखामा पेश गरी गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको शुल्क तथा कर बुझाउनु पर्नेछ ।

## परिच्छेद ४

## कृषि उपज संकलन केन्द्र निर्माण मापदण्ड

११. संचालन स्थान र जग्गाः

११.१ कृषि उपज संकलन केन्द्रको क्षेत्रफल न्यूनतम १ रोपनी जग्गा हुनुपर्छ । तर गाउँपालिका तथा अन्य सरकारी, गैर सरकारी संस्थाबाट अनुदान प्राप्त गर्नको लागि न्यूनतम १.५ रोपनी जग्गा उपलब्ध गराउनु पर्नेछ । कृषि सहकारी वा अन्य संस्थाको मातहतमा रहेको संकलन केन्द्रमा जग्गाको मापदण्ड लागु हुनेछैन ।

११.२ एक कृषि उपज संकलन केन्द्र देखि अर्को कृषि उपज संकलन केन्द्र बीचको दुरी कम्तिमा १ कि.मि. हुनुपर्नेछ ।

१२. बिक्रि बस्तु तथा सामग्रीको अनुपातः

१२.१ कृषि उपज संकलन केन्द्रमा कृषिजन्य र स्थानिय उत्पादन ८० प्रतिशत तथा अन्य तयारी सामग्रीको अनुपात २० प्रतिशतको हुनुपर्नेछ ।

१२.२ उत्पादकद्वारा नै बिक्रि गर्ने कृषि उपज लगायतका अन्य सामग्रीलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

१२.३ कृषि उपज संकलन केन्द्र मा असल अभ्यास वा आई.पि.एम. वा प्रांगारिक कृषि उपजलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

१३. समितिको कार्यालय व्यवस्थापन तथा सूचना प्रवाहः

१३.१ कृषि उपज संकलन केन्द्र प्रवेशको स्थानमा कृषि उपज संकलन केन्द्र को नाम तथा परिचय खुल्ने बोर्ड राख्नुपर्नेछ ।

१३.२ कृषि उपज संकलन केन्द्रमा समितिको कार्यालय कक्ष र बजार संचालन सम्बन्धि सूचना प्रवाह गर्न सूचना पार्टीको व्यवस्था गर्नुपर्नेछ ।

१३.३ कृषि उपज संकलन केन्द्र संचालन हुने प्रत्येक दिन बजारमा बिक्रीमा राखिने प्रत्येक कृषिजन्य उत्पादनको अधिकतम र न्यूनतम मूल्य खुलाई मूल्य सूची सूचना पार्टीमा राख्नुपर्नेछ ।

## परिच्छेद ५

## कर तथा शुल्क सम्बन्धी व्यवस्था

१४. इजाजतपत्र दर्ता तथा शुल्कः कृषि उपज संकलन केन्द्र संचालन इजाजत पत्र दर्ता गर्दा रु २००० मात्र र नविकरण शुल्क १००० मात्र लाग्नेछ । हरेक १ वर्षमा नविकरण गर्नुपर्नेछ । म्याद समाप्त भएको मितिले ३० दिनभित्र नविकरण गरेमा रु. १००० नविकरण शुल्क लाग्नेछ । म्याद समाप्त भएको मितिले ३० दिन पछि १ बर्षभित्र नविकरण गरेमा नविकरण शुल्क बापत रु.१००० र ५ प्रतिशतको दरले जरिवाना असुल गरिनेछ। म्याद समाप्त भएको १ बर्षपछि प्रति बर्ष रु. १० प्रतिशतको दरले जरिवाना लाग्नेछ ।

## परिच्छेद ७

## विविध

१५. अनुगमनः गाउँपालिकामा कृषि उपज संकलन केन्द्र अनुगमन तथा नियमनको कार्य गाउँपालिकाको आर्थिक विकास समिति, सम्बन्धित वडा कार्यालयको वडा अध्यक्ष, राजश्व शाखाको प्रमुख र अनुगमन कार्य

सहजताको लागि आवश्यकता अनुसार स्थानिय तहको जनप्रतिनिधि तथा कर्मचारीहरुले समय समयमा अनुगमन गर्न सक्नेछन् ।

१६. खारेजीः कृषि उपज संकलन केन्द्र संचालक समितिको नाममा रहेको सम्पत्ति र दायित्व फरफराक गरी कृषि उपज संकलन केन्द्र संचालन खारेजी गर्न सक्नेछ ।

१७. बाधा अड्काउ फुकाउ :

यस निर्देशिका कार्यन्वयनमा कुनै बाधा अड्काउ आएमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

१८. निलम्बन एवं समिति भंगः

१८.१ समिति अध्यक्ष वा सदस्यले देहायको कसूर गरेमा निजहरुलाई कसुरको आधारमा समितिले निजलाई तीन महिनासम्म वा सधैंको लागि र समितले नै देहायको कसूर गरेमा गाउँपालिकाले निलम्बनमा राख्न सक्ने छ ।

- आर्थिक अनियमितता गरेमा,
- पदिय अख्तियारको दुरुपयोग गरेमा,
- बजारको सुसञ्चालनलाई दखल पुग्ने कार्य गरेमा
- समितिमा रहेका पदाधिकारी निस्कृय रही तोकिएको कार्य गर्न नसकेमा,
- समितिलाई दिएको निर्देशन पालना नगरेमा,
- गाउँपालिका र समितिको हित विपरित हुने कार्य गरेमा ।
- शान्ति सुरक्षामा खलबल गर्ने कार्य गरेमा ।

१८.२ समिति अध्यक्ष का सदस्य निलम्बनमा परेको अवस्थामा अवस्था हेरिकन एक पटकको लागि सफाइको मौका दिइने छ ।

१८.३ समिति भंग भएको र नयाँ समिति गठन नभैसकेको अवस्थामा गाउँपालिकाले उपयुक्त वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

१९. कार्यविधि संशोधनः गाउँपालिकाले यो कार्यविधि आवश्यकतानुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ ।

२०. यस कार्यविधिमा उल्लेख नगरेका विषयवस्तुहरु गाउँपालिकाको प्रचलित कानुन तथा अभ्यास बमोजिम हुनेछ।

अनुसूची — 1

## भौतिक सम्पत्ति सामग्री

श्री ..........................................कृषि उपज संकलन केन्द्र ले प्रयोग गर्ने भौतिक सम्पत्ति सामाग्रीहरुको विवरण

| क्र.सं | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची — २

## इजाजत दर्ता प्रमाणपत्रको लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा

मितिः......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

....गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

........., ..........।

विषयः कृषि उपज संकलन केन्द्र संचालन इजाजत पत्र सम्बन्धमा ।

प्रस्तुत विषयमा .......गाउँपालिका वडा नं. .............मा श्री............................................. कृषक/कृषि समूह/कृषि सहकारीद्वारा ..................................कृषि उपज संकलन केन्द्र संचालन गर्नको लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी इजाजत पत्र उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछौ ।

<u>संलग्न कागजातहरु</u>

१. संचालन गर्ने व्यक्ति वा संस्थाको परिचय खुल्ने कागजातहरु

- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
- संस्थाको विधान वा संस्था संचालन कार्यविधिको प्रतिलिपि
- सस्थाको निर्णयको प्रतिलिपि
- स्थायि लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि
- कर चुक्ता वा लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि

२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई संचालन गर्ने भएको करार सम्झौताको प्रतिलिपि

३. सँधियारले स्वीकृत दिएको सर्जमिन मुचुल्का

४. टोल विकास संस्था वा वडा कार्यालयको सिफारिस पत्र

५. पुर्वाधारको स्वीकृत डिजाईन

अनुसूची — ३

## इजाजत पत्र नविकरणको लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा

मितिः......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

.......गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

..........,...........।

विषयः इजाजत दर्ता प्रमाणपत्र नविकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा ...........गाउँपालिका...............................................................मा मिति................... गते यस श्री..................................................... कृषि उपज संकलन केन्द्र दर्ता भई संचालन गर्दै आएको हुदा कृषि उपज संकलन केन्द्र संचालन निरन्तरताको लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी इजाजत दर्ता प्रमाणपत्र नविकरण गरिदिनु हुन अनुरोध गर्दछौ ।

संलग्न कागजातहरु

६. संचालन गर्ने व्यक्ति वा संस्थाको परिचय खुल्ने कागजातहरु
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
- संस्थाको विधान वा संस्था संचालन कार्यविधिको प्रतिलिपि
- सस्थाको निर्णयको प्रतिलिपि
- स्थायि लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि
- कर चुक्ता वा लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि

७. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई संचालन गर्ने भएको करार सम्झौताको प्रतिलिपि

८. सँधियारले स्वीकृत दिएको सर्जमिन मुचुल्का

९. टोल विकास संस्था वा वडा कार्यालयको सिफारिस पत्र

१०.पुर्वाधारको स्वीकृत डिजाईन

अनुसूची- 4

## कृषि उपज संकलन केन्द्र संचालन इजाजत प्रमाणपत्रको ढांचा

......गाउँपालिका , गाउँ कार्यपालिकाको कार्यालय .................. शाखा .........,..........

साविक दर्ता नं.
दर्ता मिति
दर्ता संस्था

बजार दर्ता नं.
जारी मितिः

श्री...........................................
..............................................

विषयः कृषि उपज संकलन केन्द्र संचालन इजाजत पत्र प्रदान गरिएको ।

तपाई श्री......................................... कृषक/कृषि समूह/कृषि सहकारीले.......गाउँपालिका वडा नं. ........................मा संचालन हुने ........................... कृषि उपज संकलन केन्द्र संचालन गर्न इजाजत पत्र दर्ता नविकरणको लागि मिति.............................मा यस कार्यालयमा दिनु भएको निवेदन अनुसार गाउँपालिकाको कृषि उपज संकलन केन्द्र संचालन तथा व्यवस्थापन कार्यबिधी, २०८२ बमोजिम यस कार्यालयमा अभिलेख राखी यो इजाजत पत्र प्रदान गरिएको छ । आफ्नो कारोबारको मासिक प्रगति स्थिति यस कार्यालयमा पेश गर्नुहुन र प्रत्येक १ बर्षमा अनिवार्य नविकरण गराउनु हुन समेत अनुरोध गरिन्छ ।

.........................
शाखा प्रमुख

...............................
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची – 5

## कृषि उपज संकलन केन्द्र संचालन इजाजत प्रमाणपत्रको ढांचा नविकरण सम्बन्धी विवरण

कृषि उपज संकलन केन्द्रको नाम .................................. ठेगाना .................................

संचालकको नाम ..................................

| नविकरण मिति | म्याद पुग्ने मिति | नविकरण शुल्क | रसिद नं | नवीकरण गर्नेको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**आज्ञाले**
**(केशव सुवेदी)**
**प्रमुख प्रशासकीय अधिकृत**